# आर्थिक वर्ष २०८२/०८३ को बार्षिक बजेट बक्तब्य

## अजिरकोट गाउँपालिकाको कार्यालय

## भच्चेक, गोरखा, गण्डकी प्रदेश, नेपाल

## २०८२

श्रद्धेय यस गरिमामय सभाका सभाध्यक्ष महोदय,

वडा अध्यक्षज्यूहरु, गाउँकार्यपालिका सदस्यहरुज्यूहरु, गाउँसभाका सदस्यहरुज्यूहरु, सबै राष्ट्रसेवक कर्मचारी ज्यूहरु, पत्रकार तथा सुरक्षाकर्मीहरु सबैमा यस अजिरकोट गाउँपालिकाको आगामी आ.व. २०८२।०८३ को बजेट प्रस्तुत गर्न आयोजित यस सम्मानित सभामा हार्दिक स्वागत तथा नमस्कार गर्न चाहन्छु ।

सर्वप्रथम नेपालको युगान्तकारी परिर्वतन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको निम्ति ऐतिहासिक जनयुद्ध, जनआन्दोलन र विभिन्न चरणका आन्दोलनहरुमा राष्ट्र तथा जनताको लागि आफ्नो जीवन समर्पण गर्नुहुने ज्ञात अज्ञात वीर सहिदहरु प्रति सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

अजिरकोट गाउँपालिकाको १७ औं गाउँसभाको मिति २०८२।०३।०५ मा सम्पन्न दोस्रो बैठकबाट पारित नीति तथा कार्यक्रम अनुसार आगामी आ.व. २०८२।०८३ को लागि ऐतिहासिक वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गर्व महसुस भएको छ ।

अजिरकोट गाउँपालिकाको विकासको खाका तयार गर्नका लागि नीति तथा कार्यक्रम तथा बजेट तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुराउनु हुने हाम्रो गाउँपालिकाका श्रद्धेय अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यु, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु तथा गाउँपालिकाबासी दाजुभाइ, दिदीबहिनीहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै गाउँपालिकाको आ.व. २०८१।०८२ लगायत विगत वर्षका बजेट तथा कार्यक्रम सफल कार्यान्वयनका लागि अहम भुमिका खेल्नुहुने जनप्रतिनिधीज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु र सम्बन्धित सबै पक्षमा हार्दिक आभार व्यक्त गर्दछु ।

ऐतिहासिक संविधान सभाबाट बनेको नेपालको संविधान २०७२ मार्फत् हामी संघीयता संस्थागत गरी कार्यान्वयनको चरणमा छौं । विगतका वर्षहरुका

निर्माण भएका बजेट कार्यान्वयनको चरणमा जाँदा देखिएका कमीकमजोरी र समस्याहरुबाट अनुभव हाँसिल गर्दै, जनताको आवश्यकता, चाहना र कार्यान्वयनको तत्परतालाई ध्यानमा राखि,देशले वि.सं. २०८७ सालसम्म दीगो विकासको लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति गर्नका लागि लिएको समृद्ध नेपाल,सुखी नेपाली बनाउने राष्ट्रिय लक्ष्य पुरा गर्दै हामीले समृद्ध अजिरकोट गाउँपालिका बनाउने संकल्प गरेका छौं ।

अधिकारमा आधारित विकासको अवधारणा अनुसार स्थानीयबासीहरुलाई विकासमा मूल प्रवाहीकरण गर्ने र गुणस्तीय सेवा सुविधा प्रदान गर्ने अवस्था सुनिश्चित गर्नका लागि जनताको सबैभन्दा नजिकको सरकारको रुपमा पत्यक्ष उल्लेखित विषयहरुलाई सम्बोधन गर्नका लागि गाउँपालिकाबाट घोषित लक्ष्य र उद्देश्यका साथ जनताबाट प्राप्त भएको जिम्मेवारीलाई इमान्दारिता पूर्वक पूरा गर्नका लागि यस पालिकाको “दिगो विकास हाम्रो सोच सुन्दर, शान्त,समृद्ध अजिरकोट” को दिर्घकालीन लक्ष्य तय गरी नेपालको संविधान २०७२ को अनुसुची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सुची, संघीय र प्रदेश सरकारले प्रदान गरेको बजेट सिलिङ, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८, गण्डकी प्रदेश सरकारको ऐन नियम नीति तथा कार्यक्रम, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु, दिगो विकासका लक्ष्यहरु, क्षेत्रगत राष्ट्रिय नीति तथा यस गाउँपालिकाबाट पारित नीति तथा कार्यक्रमहरुलाई आधार मानी सहभागितामुलक योजना तर्जुमा प्रक्रियाका चरणहरु अवलम्बन गरी आगामी आ.व. २०८२।०८३ का लागि यो बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ । यो बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विभिन्न क्षेत्रमा सरोकारवालाहरुबाट प्राप्त राय सुझावलाई समेत समावेश गरेको छ ।

**सभा अध्यक्ष महोदय,**

प्रस्तुत बजेट तयार गर्ने सन्दर्भमा स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति

लगायत बजेट राजश्व सम्वद्ध समितिहरु, गाउँपालिकाको नीति तथा कार्यक्रम र विभिन्न माध्यमबाट गरिएको प्रतिवद्धता एवं घोषणा तथा गाउँ कार्यपालिकाका निर्णयहरु बमोजिम यस गाउँपालिकाको आगामी आ.व.को लागि कायम हुने बजेट सीमाभित्र रही कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न आर्थिक विधेयक-२०८२, सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न विनियोजन विधेयक, २०८२ पेश गरेको छु।

संघीयता कार्यान्वयनको प्रारम्भिक चरणमै रहेको र पालिकाको आफ्नै पर्याप्त आन्तरीक स्रोत नभएको अवस्थामा अन्तर सरकारको समन्वयलाई मजबुत र प्रभावकारी बनाउँदै गाउँपालिकालाई प्राप्त सिमित स्रोत साधन समुचित उपयोग गरी सबै क्षेत्रहरुलाई समेटी समयमै कार्यान्वयन गर्न सक्ने गरी  बजेट बाँडफाँड गरिएको छ।

**बजेटका उद्देश्यहरु**

**अगामी आर्थिक वर्ष २०८२।०८३ को बजेटको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन ।**

१. सामाजिक र आर्थिक रुपान्तरण गरी सुन्दर, शान्त,समृद्ध अजिरकोट गाउँपालिका निर्माण गर्ने,

२.सार्वजनिक खर्चमा पारदर्शिता, मितयव्ययिता, जवाफदेहिता  र उत्तरदायित्व कायम गराउने,

३.कृषिको उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी गाउँपालिकालाई कृषि उत्पादनमा आत्म निर्भरता साथ निर्यात गरी आयआर्जनको माध्यम बनाउने,

४.आर्थिक विकास, गरिबी निवारण, सामाजिक न्याय र समतामुलक विकासको अवधारणालाई अगाडि बढाउँदै  अजिरकोट बासी जनताको जीवनस्तरमा अभिवृद्धि गर्ने,

५.उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजना तथा कार्यक्रम सञ्चालन गरी  जनताको जीवनस्तर अभिवृद्धि गर्ने,

६.दिगो र सन्तुलित विकास, वातावरणीय संरक्षण, तथा सम्वर्द्धन गर्दै दिर्घकालीन विकासको अवधारणालाई सघाउ पुर्‍याउने,

७.आर्थिक अनुशासन तथा वित्तिय सुशासन कायम गर्ने ।

## बजेटका प्राथमिकताहरु

सम्मुनत र समृद्ध अजिरकोट निर्माणका लागि अजिरकोट गाउँपालिकाले अनुशरण गरेको "दिगो विकास हाम्रो सोच सुन्दर, शान्त,समृद्ध अजिरकोट" भन्ने दीर्घकालीन दुष्ट्रिकोणलाई आत्मसाथ गर्दै आर्थिक वर्ष २०८२।०८३ को बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छ ।

१. सामाजिक विकासलाई उच्च प्राथमिकता दिदै नागरिकहरुको स्वास्थ्यसेवा सर्वसुलभ बनाउन स्वास्थ्य कार्यक्रम प्रभावकारी बनाउने,

२.गुणस्तरीय र सर्वसुलभ शिक्षाका लागि शैक्षिक पूर्वाधारहरुको निर्माण , शिक्षक तथा विद्यार्थीहरुको उत्प्रेरणा अभिवृद्धि गर्ने,

३. कृषि, जडीबुटी, सहकारी विकास र पर्यटनलाई गाउँपालिकाको समृद्धिको आधारको रुपमा लिई ती क्षेत्रहरुको प्रवर्द्धन गर्ने साथै रोजगारी सृजना र गरिवी निवारण गर्ने,

४. कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि र अनुदानका कार्यक्रम मार्फत कृषिको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकरणमा जोड दिने,

५. पर्यटन पूर्वाधारको निर्माण र विकासका साथ अजिरकोट गाउँपालिकाका भित्रका पर्यटकीय सम्भावनाका क्षेत्रहरुको समूचित विकास गर्दै पर्यटन प्रवर्धनका कार्यक्रम सञ्चालन गर्ने,

६.भौतिक पूर्वाधार निर्माणमा गाउँपालिका केन्द्र र वडा केन्द्रहरुलाई जोड्ने रणनीतिक महत्वका  सडकहरुको स्तरोन्नती गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्ने साथै सडकहरुको स्तरोन्नतीको लागि पक्की ढलान सडक निर्माणका लागि जोड दिने,

८. आयआर्जन क्षमता विकास र सशक्तिकरणका साथ मानव संसाधनको विकास गरी गाउँपालिकालाई नमुना गाउँपालिकाको रुपमा स्थापित गर्ने,

९.महिला, बालबालिका,आदिबासि जनजाति, दलित , जेष्ठ नागरिक,अपाङ्ग लगायत पछाडी परेका वर्गको उत्थान तथा विकास र सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने,

१०. सरसफाई तथा फोहोरमैला व्यवस्थापन, वन वातावरण संरक्षण र विपद् व्यवस्थापन, हरियाली प्रवर्द्धन र वातावरण मैत्री विकासलाई अगाडि बढाउने,

११. यस गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई मितव्ययी,प्रभावकारी,उत्तरदायी,पारदर्शी र नतिजामुखी तुल्याउनको लागि आवश्यक संरचनागत, संस्थागत र जनशक्ति विकास गर्ने ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

म अगामी आ.व.को बजेट प्रस्तुत गर्नु भन्दा अगाडि गत आ.व.२०८०/०८१ को यथार्थ आय व्यय विवरण र चालु आ.व.२०८१/०८२ को आय र व्यय विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

**आय र व्ययको विवरण**

**(रु.हजारमा)**

| **क्र.स.** | **विवरण** | **आ.व.२०८०।०८१ को यथार्थ विवरण** | **प्रगति प्रतिशत** | **आ.व २०८१।०८२ को अनुमान** | **हालसम्मको प्रगति प्रतिशत** |
|---|---|---|---|---|---|
| **१** | **चालु खर्च** | **२७०४४१** | **८५.९१** | **३१९७४८** | ६४.३४ % |
| **२** | **पुँजीतग खर्च** | **१५४६९१** | ७७.९७ | **१४४५२३** | **५४.९१** |
| **जम्मा** | | ४२५१३३ | **८२.३** | ४६४२७२ | **६१.१२%** |

अब म यस अजिरकोट गाउँपालिकालाई अगामी आ.व. २०८१/०८२ को लागि स्रोत अनुमान तथा बजेटको सीमा निर्धारण समितिबाट कायम हुन आएको कुल बजेट रकम ४६ करोड ८५ लाख २९ हजार ३६ रुपयाको शिर्षकगत आय विवरण देहाय बमोजिम प्रस्तुत गरेको छु । गत विगत आर्थिक वर्षको यथार्थ वित्तिय प्रगतीको समिक्षाका आधारमा आगामी आर्थिक वर्ष २०८२।०८३ मा वित्तिय प्रगति ८५ प्रतिशत पुग्ने लक्ष्य लिएको छु ।

## आगामी आ.ब.२०८२।०८३ को प्रस्तावित आय विवरण

| क्र.सं. | स्रोत र शिर्षकहरु | रकम रु. |
|---|---|---|
| १. | संघीय समानिकरण अनुदान | १० करोड ७३ लाख |
| २. | संघीय राजश्व बाँडफाँड | ८ करोड ३२ लाख ६२ हजार ३६ रुपया |
| ३. | संघीय सशर्त अनुदान | १७ करोड ७७ लाख |
| ४. | संघीय समपुरक अनुदान | १ करोड ५० लाख |
| | संघिय विशेष अनुदान | १ करोड १२ लाख |
| ५. | प्रदेश समानिकरण अनुदान | १ करोड ४१ लाख २५ हजार |
| ६. | प्रदेश राजश्व वाँडफाँड | ७६ लाख ४२ हजार |
| | प्रदेश सर्सत अनुदान (पुँजिगत) | २ लाख |
| ७. | प्रदेश समपुरक अनुदान | ६० लाख |
| ८. | प्रदेश विशेष अनुदान | ४० लाख |
| | स्थानिय सरकार राजश्व बाँडफाड | ३० लाख |
| ९. | आन्तरिक आय | ८० लाख |
| १०. | आ.व. २०८१।०८२ को अ.ल्या. | ३ करोड ५० लाख |
| | जम्मा | रु.४६ करोड ८५ लाख २९ हजार ३६ |

## आगामी आ.व.२०८१।०८२ को प्रस्तावित व्यय विवरण

गाउँ कार्यपालिकाको कार्यालय, मातहतका शाखाहरु, वडा कार्यालयहरु, कार्यपालिकाको कार्यालय मातहतका कार्यालयहरुको सञ्चालन तथा कार्यरत कर्मचारीहरुको व्यवस्थापन र विविध विषय क्षेत्रमा हुने चालु प्रकृतिका कार्यक्रमहरु तर्फ रु. ३२ करोड १८ लाख ५६ हजार (कुल व्ययको ६८.६९ प्रतिशत) चालु खर्च र विकास कार्यहरुको लागि रु. १४ करोड ६६ लाख ७३ हजार (कुल व्ययको ३१.३१ प्रतिशत) पुँजिगत तर्फ विनियोजन गरिएको छ ।

उल्लेखित आ.व.२०८२।०८३ को लागि प्रस्ताव गरिएको आय तथा व्यय विवरणमा संघीय शसर्त अनुदानतर्फको सामाजिक सुरक्षा भत्ता वापतको रकम समावेश नगरिएको हुँदा तुलनात्मक रुपमा बजेटको आकार सानो देखिए पनि श्रोत साधनको उपलब्धतालाई मध्यनजर गर्दै सवै क्षेत्रमा सन्तुलित रुपमा बजेट विनियोजन गर्ने प्रयास गरिएको छ।

श्रद्धेय सभाध्यक्ष महोदय,

मथि उल्लेखित प्रस्तावित आयको विवरण अनुसारको आगामी आ.व. २०८२।०८३ को व्ययको लागि विषयगत समिति अन्तर्गत क्षेत्रगत बाँडफाँड देहाय बमोजिम हुने गरि प्रस्ताव गरेको छु।

**(क) आर्थिक विकास**

१. आगामी आ.व. २०८२।०८३ लाई कृषि क्षेत्रलाई थप उत्पादनमुखी बनाउँदै कृषिलाई व्यवसायिक गराउन विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ । अजिरकोट गाउँपालिकालाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्दै कृषि क्षेत्रको समग्र विकासका लागि रु १ करोड ३१ लाख रकम विनियोजन गरिएको छ । उत्पादनमा आधारित अनुदान, एक वडा एक उत्पादन प्रवर्द्धन, आलु, प्याज, बेसार, अदुवामा आत्मनिर्भर, किवि स्याउ प्रवर्द्धन, रैथाने बालिको प्रवर्द्धन, शित भण्डार निर्माण र कृषि पुर्वाधार विकासका कार्यकमहरु समावेश गरिएको छ।

२. नागरिकहरुलाई पशुपन्छीको व्यवसाय मार्फत आयआर्जन तथा स्वरोजगारका अवसरहरु सृजना गर्न पशुपंक्षी क्षेत्र अर्न्तगत रेन्वो ट्राउट माछा प्रवर्द्धन, पशुपन्छी परिक्षण प्रयोगशाला संचालन, सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम, पशुपालक कृषकहरुलाई प्रोत्साहनका कार्यकमहरु र पशु चौपायाहरुको खर्क तथा गोठ सुधार लगायतका पशुपंक्षी विकासका विविध कार्यकमहरुको लागि रु.७७ लाख रकम विनियोजन गरिएको छ।

३. पदयात्रा, घोडा यात्रा, पर्यटक पदमार्गमा साइनेज, मठमन्दिर, गुम्बा, रैथाने साँस्कृतिक वस्ती, नमुना होमस्टे प्रवर्द्धनको लागि रु ५५. लाख रकम विनियोजन गरिएको छ ।

४. सहकारी क्षेत्रलाई प्राथमिकता दिदै वास्तविक उत्पादक, उपभोक्ता तथा श्रमिक वर्गको हीतको लागि सहकारी क्षमता अभिवृद्धि कार्यक्रम र सहकारी संस्थाहरुको नियमन, मुल्याङ्कन कार्यक्रमको लागि आवश्यक बजेटको सुनिश्चितता गरिएको छ ।

५. लघु, घरेलु तथा साना उद्योगलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्दै दुना टपरी उद्योग स्थानिय आचार तथा गुन्द्रुक उद्योग, स्थानिय कोदो बाट लोकर रक्सी तथा खुर्बानी बाट वईन उत्पानद उद्योगको प्रवर्द्धनको लागि रु ९ लाख रकम विनियोजन गरिएको छ।

**(ख) सामाजिक विकास**

६. स्वास्थ्य र शिक्षा क्षेत्र आगामी बजेटका सामाजिक विकासका प्राथमिकताका क्षेत्रहरु हुन् । यसर्थ सामाजिक विकास सहितको आर्थिक विकास मार्फत दीगो विकासको लक्ष्य प्राप्त गर्न आगामी आर्थिक वर्षमा सामाजिक विकासको क्षेत्रमा प्राथमिकताका साथ बजेट विनियोजन गरिएको छ ।

७. स्वास्थ्य सुरक्षाको लागि भच्चेक आधारभुत अस्पतालको स्तरीकरण, एम.डि.जि.पि.सेवा, OT सेवा, पोष्टमार्टम सेवाको प्रबन्ध, प्रस्तुति महिला ,बीमा कार्यक्रम लगायत, विशेषज्ञ स्वास्थ्य शिविर, हरेक स्वास्थ्य संस्था प्रविधिमैत्री बनाउन १ करोड ३२ लाख ५ हजार रकम विनियोजन गरिएको छ । माईतीको पोसिलो कोसेली, महिला स्वास्थ्य स्वयंसेविका एवं स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहनका कार्यक्रम लाई निरन्तरता दिइएको छ ।

९. संघिय सरकार विशेष अनुदानबाट भच्चेक आधारभुत अस्पतालको लागि औजार उपकरण खरिद शिर्षकमा रु १ करोड १२ लाख विनियोजन गरिएको।

१०. शिक्षा क्षेत्रको विकास गर्दै शिक्षालाई गुणस्तरीय, प्रतिस्पर्धी र आधुनिक सूचना प्रविधिको प्रयोगमार्फत विद्यालयको विकासका लागि डिजिटल लर्निङ, जेहेन्दार छात्रवृति कार्यक्रम नमुना विद्यालय व्यवस्थापन अनुदान , विधार्थी बौद्धिक कार्यक्रम विषयगत शिक्षक सशर्त अनुदान, शिक्षकको क्षमता विकास, डिजिटल कक्षा सञ्चालन, एक विद्यालय एक उत्पादन कार्यक्रम, भच्चेक मा.वि.लाई मेगा आवासीय मा. वि.मा स्तरोनन्ती, सामुदायिक विद्यालयहरुको स्तरोन्नती शैक्षिक चुनौती कोष, कक्षा ५ र ८ को परीक्षालाई गाउँपालिका स्तरीय बनाउने र अन्य शैक्षिक प्रवर्द्धनका क्रियाकलापका लागि सशर्त बाहेक रु. २ करोड ७ लाख ४१ हजार रकम विनियोजन गरिएको छ । भच्चेक माध्यमिक विद्यालयको आवास व्यवस्थापनको लागि प्रदेश विशेष अनुदानमा रु ४० लाख विनियोजन गरिएको छ।

११. महिला विकाससँग अन्तरसम्वन्धित विविध क्रियाकलापहरु लैङ्गिक समानता कायम गर्न लैङगिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण, महिला, दलित, द्धन्द पिडितको लागि व्यवसाय स्थापना सहयोग कोष, महिला जनप्रतिनिधि तथा महिला सञ्जालको क्षमता विकास, विभिन्न सिपमुलक तालिम, महिला अनुसन्धान कर्ताहरुको लागि अनुसन्धान सहायता अनुदान, अपांङ्गता भएका व्यक्तिहरुको लागि सहायता सामाग्री, क्षमता विकास, पुनस्थापन सहायता साथै ज्येष्ठ नागरिको सहायता कार्यक्रमको लागि आवश्यक रकम रु. ४६ लाख ५० हजार विनियोजन गरिएको छ ।

१२. आगामी आ.वमा बालमैत्री स्थानीय तह घोषणा, बाल संरक्षण आर्थिक राहत कोष, बाल प्रतिभा पहिचानका साथै बाल अधिकार संरक्षण र प्रवर्द्धन लगायतका कार्यक्रमहरुका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

१३. दलित तथा लक्षित वर्गको लागि नमुना दलित वस्ती निर्माण, दलित युवाहरुको लागि सिप विकास तालिम, परम्परागत व्यवसाय आधुनिकिरण कार्यक्रम, दलित समुदायको लागि जिविकोपार्जन सुधारको लागि रु. २४ लाख विनियोजन गरिएको छ ।

१४. अजिरकोटको विकास गर्न आवश्यक पूँजी भित्र्याउन विज्ञ तथा लगानी सम्मेलन आयोजना गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**(ग) पुर्वाधार विकास :**

१४.दिगो विकासलाई मध्यनजर गर्दै वातावरणमैत्री पुर्वाधार आयोजना निर्माणलाई प्राथमिकता दिदै गाउँपालिकाभित्रका महत्वपुर्ण सडकहरुलाई नियमित मर्मत गरी बाह्रै महिना यातायात सञ्चालन योग्य वनाउनको लागि नियमित मर्मत सम्भार कार्यलाई व्यवस्थित गरिनेछ । आगामी आर्थिक वर्षमा संघीय सरकारबाट समपुरक अनुदानमा प्राप्त रु. १ करोड ५ लाख र गाउँपालिकाबाट समपुरक रकम थप गरि भन्ज्याङ खरिबोट अपुन रोडको स्तरउन्नती गरिनेछ । प्रदेश सरकारबाट समपुरक अनुदानमा प्राप्त रु ६० लाख र गाउँपालिकाबाट समपुरक रकम थप गरि भच्चेक धादिङगरा सडक स्तरगन्नती गरिनेछ। भच्चेक आधारभुत अस्पताको शवगृह व्यावस्थापनको लागि १५ लाख, कुसुन्डे फाल्पु माल्ले सडक स्तरउन्नतीको लागि ३५ लाख, गाउँपालिका मर्मतमा ५ लाख, तथा अस्पताल सडक/बसपार्क कालोपत्रेको लागि १ करोड रकम विनियोजन गरिएको छ।

१५. श्रममुलक आयोजनाहरु सञ्चालन गरी स्थानीय स्तरमा रोजगारी प्रवर्द्धन गर्नुका साथै स्थानीय सडक तथा पदमार्गहरु श्रमिकद्वारा नियमित मर्मत सम्भार गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ । १५ लाखसम्मका आयोजनाहरु मात्र टोल विकास संस्था वा उपभोक्ता समिति मार्फत् सञ्चालन गर्ने र उपभोक्ताहरुको दक्षता नभएको आयोजनाहरुलाई दक्ष निर्माण व्यवसायी मार्फत ठेक्का आव्हान गरी सञ्चालन गरिनेछ ।

१६.बर्षादको समयमा हुने सडकको क्षेतिको न्यूनिकरणको लागि असार, श्रमण र भाद्र महिनालाई सडक हेरालुको व्यवस्था गर्न उचित बजेटको व्यवस्थापन गरिनेछ।

१७.जनसंख्या, क्षेत्रफल, मानव विकासको अवस्था, पुर्वाधार विकासको अवस्था, विकास लागत, राजश्व परिचालनको अवस्था र लागत सहभागिताको अवस्थालाई मध्यनजर

गरी पाँचवटै वडाका टोल/वस्तीहरुबाट टोलवासीहरुको आकांक्षा र आवश्यकता अनुसारको भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधार विकासका लागि प्रस्तावित आयोजनाहरुमा आवश्यक रकमको व्यवस्था गरीएको छ । यस अर्न्तगत सामुदायिक भवन, सडक निर्माण तथा मर्मत, खानेपानी, सिंचाई लगायतका क्षेत्रहरुमा आवश्यकतामा आधारित कृयाकलापहरु सञ्चालन गरिनेछ ।

१८. उपभोक्ताहरुको साझेदारीमा सञ्चालित हुने आयोजनाहरु, समपुरक कोष, सार्वजनिक निर्माण र पूँजिगत मर्मतको लागि बजेटको व्यवस्था गरिएको छ । आकस्मिक तथा नियमित विकासका विविध कार्यक्रमहरु स्थानीय लाभग्राही समुदायको सहभागीतामा सञ्चालन गर्न सक्ने गरी बजेट सुनिश्चित गरिएको छ ।

१९.गाउँपालिका स्तरीय यातायात गुरु योजना अनुरुप भवन आचार संहिता निर्माण गरी घर नक्सा पास गरी लागु गर्नका लागि आवश्यक रकमको व्यवस्था गरिएको छ ।

## (घ) वन, वातावरण तथा विपद् व्यवस्थापन :

२०. भच्चेक बजार लगायतका अन्य ठाउँहरुको फोहरमैला व्यवस्थापनको लागि ठाउँ पहिचान गरि IEE तथा डि.पि.आर तथा थपकार्य अगाडि बढाउन आवश्यक बजेटको विनियोजन गरिएको छ ।

२१. भू-संरक्षण, पानीको मुल संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, वृक्षारोपण कार्यक्रम, प्रकोप व्यवस्थापन कोष, वातावरण तथा विपद् व्यवस्थापन कार्यका लागि रु. ७७ लाख रकम विनियोजन गरिएको छ ।

## (ङ) संस्थागत विकास तथा सेवा प्रवाह

सभाध्यक्ष महोदय,

अव म संस्थागत विकास तथा सेवा प्रवाहको क्षेत्रमा आगामी आर्थिक वर्षमा गरिने क्रियाकलापहरुको विवरण प्रस्तुतीका लागि अनुमति चाहन्छु :

२२. गाउँपालिकको दोस्रो आवधिक योजना तर्जुमा, राजश्व सुधार योजना तथा क्षमता विकास योजना तयारीको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२३.मानव संसाधन तथा संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक नियन्त्रण प्रणाली, प्रभावकारी सेवा प्रवाह, सुशासन, उत्तरदायित्व र पारदर्शिता, तथ्याङ्क संकलन र अन्तरनिकाय समन्वय जस्ता विविध कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२४.कार्यसम्पादनलाई उच्च राख्न कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक बजेटको विनियोजन गरिएको छ ।

२५. गाउँ कार्यपालिकाको कार्यालयमा सुदृढ र व्यवस्थित सहायता कक्ष स्थापना गर्न आवश्यक बजेट विनियोजन गरिएको छ । वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाउन न्यायिक समिति सदस्य र मेलमिलापकर्ताहरुको क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२६. गाउँपालिका समृद्धिको लागि आफ्नै आन्तरिक श्रोत बिस्तार गर्नुपर्छ भन्ने ध्येयका साथ राजश्व परिचालन मा बृद्धि गर्न राजश्व छुट हुने गरि श्रमको सम्मान कार्यकर्म र अजिरकोट उत्कृष्ट करदाता लगायत अन्य बिद्यागत रुपमा सम्मानको लागि आवश्यक रकम बिनियोजन गरिएको छ ।

२७. कार्यालय संचालन तथा प्रशासनिक खर्चमा जम्मा ७ करोड २० लाख विनियोजन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

उल्लेखित क्षेत्रगत बाँडफाँडको विस्तृत विवरण अनुसूचिहरुमा उल्लेख गरिएको छ । आगामी आर्थिक वर्षको लागि प्रस्तावित गरिएको आयोजनागत बाँडफाँडको विवरण वार्षिक विकास कार्यक्रममा समावेश रहेको छ । सर्शत अनुदान तर्फको हस्तान्तरित तथा निक्षेपित कार्यक्रमहरु प्राप्त कार्यक्रमका आधारमा सञ्चालन हुने गरि व्यवस्था गरिएको छ ।

चालु आ.व. २०८१।०८२ को हाल सम्मको यर्थाथ आय व्यय र आगामी आर्थिक वर्ष २०८२।०८३ को अनुमानित आय व्यय विवरणहरु विनियोजन विधेयकमा उल्लेख गरेको छु । कर सम्बन्धी प्रस्ताव आर्थिक विधेयक, २०८२ मा समावेश गरेको छ । राजश्व परामर्श समितिको सिफारिसमा आगामी आ.व.को लागि प्रस्ताव गरिएको करका दरहरुमा समयानुकुल सामान्य हेरफेर तथा थपघट गरिएको छ । उक्त कर, दस्तुर सम्बन्धी प्रस्ताव २०८२ साउन १ गतेबाट लागु हुने गरि व्यवस्था मिलाएको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**सभा सदस्य ज्युहरु,**

यस वजेटको कार्यान्वयनवाट समग्रमा आर्थिक वृद्धिले गति लिने र समृद्ध अजिरकोट निर्माणको आधार तयार हुने विश्वास लिएको छु । असीमित आवश्यकता र सिमित साधन स्रोतको वावजुत नागरिकका आकांक्षा र आवश्यकतालाई सम्वोधन गर्ने प्रयास गरिएको छ । बजेटले समेट्न नसकेका र प्राथमिकतामा परेका थप आयोजनाहरुलाई क्रमश: कार्यान्वयन गर्दै लगिने विश्वास दिलाउन चाहन्छु ।

अन्तमा, बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनीतिक दलहरु, निजि क्षेत्र, नागरिक समाज, गैर सरकारी संस्था एवं आम सरोकारवालाहरु तथा पत्रकार जगतवाट प्राप्त सुझाव, सहयोग र सल्लाह प्रति हार्दिक आभार प्रकट गर्दछु । यो बजेट कार्यान्वयनमा सबै सरोकारवालाहरुको रचनात्मक सहयोग रहने विश्वास लिएको छु ।

धन्यवाद !

अनिता भुजेल (गाउँपालिका उपाध्यक्ष )
अजिरकोट गाउँपालिका
मिति २०८२ साल असार १० गते मंगलबार